*Basic Principles on the Use of Restorative Justice Programmes in Criminal Matters को Nepal Institute of Justice ले तयार पारेको नेपाली अनुवाद ।*

ECOSOC Resolution 2002/12

**फौजदारी मामिलामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगका सम्बन्धमा सामान्य सिद्दान्तहरू**

**आर्थिक तथा सामाजिक परिषद्,**

मध्यस्थता[‡] र पुनर्स्थापनामुखी न्यायका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको मापदण्ड तयार गर्ने उद्देश्यले छलफलका लागि अपराध नियन्त्रण र फौजदारी न्याय आयोगसमक्ष अनुरोध गरेको जुलाई २८, १९९९ को "फौजदारी न्यायमा मध्यस्थता र पुनर्स्थापनामुखी न्यायको उपायको विकास र कार्यान्वयन" नामक प्रतिज्ञापत्र १९९९/२६ लाई पुन: स्मरण गर्दै,

फौजदारी मामिलामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगका लागि सामान्य सिद्दान्तको स्थापना गर्ने आवश्यकता र माध्यम साथसाथै दस्तावेजको विकास गर्ने सुझावमा सदस्य राष्ट्रहरू, सम्बद्ध अन्तरराष्ट्रिय र गैरसरकारी संस्थाहरूका साथसाथै संयुक्त राष्ट्रसङ्घको अपराध नियन्त्रण र फौजदारी न्याय कार्यक्रम सन्जालको संस्थाबाट टिपोट गर्नका लागि महासचिव समक्ष अनुरोध गरिएको "फौजदारी ममिलामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगको सिद्दान्त" नामक २१ जुलाई २००० को प्रतिज्ञापत्र २०००/१४ को पुन: स्मरण गर्दै,

पीडितसँग सम्बन्धित प्रचलित अन्तरराष्ट्रिय प्रतिबद्धता र विशेषगरी "अपराध र शक्ति-दुरुपयोगका पीडितलाई न्याय दिने सम्बन्धमा आधारभुत सिद्दान्तको घोषणापत्र"लाई ध्यानमा राख्दै,[1]

अपराध नियन्त्रण र पीडितको उपचारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय दशौं सम्मेलन ताका "अपराधी र पीडित: न्याय प्रक्रियामा जवाफदेहीता र स्वच्छता" नामक शीर्षकअन्तर्गत पुनर्स्थापनामुखी न्यायबारे भएको छलफलको टिपोट गर्दै,[2]

---

‡ अङ्ग्रेजीमा mediation भनिएको छ, जसलाई हामीले यहाँ 'मध्यस्थता' भनी उल्था गरेका छौं । नेपालीमा mediation लाई 'मेलमिलाप' भन्ने गरिएको भएता पनि सो अनुवादले mediation को मर्म बोक्दैन । Mediation को शाब्दिक अर्थ पनि "बीचमा रहनु" हुन जान्छ, "मेलमिलाप गराउनु वा मिलाउनु" होइन ।

1 साधारण सभाको प्रतिज्ञापत्र ४०/३४, अनुसुची।

"अपराध र न्याय सम्बन्धमा भियना घोषणाको कार्यान्वयनको लागि बनेको कार्ययोजना: एक्काइसौँ शताब्दीको चुनौतिको सामना" नामक ३१ जनवरी, २००२ को साधारण सभाको प्रतिज्ञापत्र ५६/२६१, र विशेषगरी पुनर्स्थापनामुखी न्यायको सम्बन्धमा ब्यक्त भियना घोषणाको अनुच्छेद २८ को प्रतिबद्दतालाई टिपोट गर्दै,[3]

२९ अक्टोबर तारिख देखि १ नोभेम्बर २००१ तारिखसम्म सम्पन्न पुनर्स्थापनामुखी न्यायका विशेषज्ञको सामुहिक बैठकको कार्यलाई सराहनीयतापुर्वक टिपोट गर्दै,

पुनर्स्थापनामुखी न्यायका सम्बन्धमा महासचिवको प्रतिवेदन[4] तथा पुनर्स्थापनामुखी न्यायका विज्ञसमूहको प्रतिवेदनलाई ख्याल गर्दै,[5]

१- प्रस्तुत प्रतिज्ञापत्रमा समाविस्ट फौजदारी मामिलामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगमा आधारभुत सिद्दान्तहरूको टिपोट गर्ने,

२- सदस्य राष्ट्रलाई पुनर्स्थापनामुखी न्याय कार्यक्रमको विकास र सञ्चालनको निमित्त फौजदारी मामिलामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगको आधारभुत सिद्दान्तहरूप्रति आकर्षित रहन प्रोत्साहन गर्ने,

३- सदस्य राष्ट्र, सयुंक्त राष्ट्रसङ्घको अपराध नियन्त्रण र फौजदारी न्याय कार्यक्रम सञ्जाल र अन्य अन्तरराष्ट्रिय, क्षत्रीय र गैरसरकारी संस्थाबीच फौजदारी मामिलामा पुनर्स्थापनामुखी न्यायको प्रयोगको आधारभुत सिद्दान्तहरूको व्यापक प्रसार गर्ने कुराको प्रत्याभुत गर्न महासचिव समक्ष अनुरोध गर्ने,

४- पुनर्स्थापनामुखी न्यायको अभ्यासलाई स्विकार गरेका सदस्य राष्ट्रलाई अनुरोध गरिएमा अन्य राष्ट्रमा उपलब्ध त्यस्ता अभ्यासको बारेमा जानकारी दिन आह्वान गर्ने,

५- सदस्य राष्ट्रलाई विकास र अनुसन्धानको कार्यान्वयनमा, तालिम र अन्य कार्यक्रम साथसाथै छलफललाई अगाडि बढाउने र पुनर्स्थापनामुखी न्यायमा अनुभव साटासाट गर्ने कार्यमा एक अर्कालाई सहयोग गर्न आह्वान गर्ने,

[2] अपराध नियन्त्रण र पीडितको उपचारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय दशौँ सम्मेलन १०-१७ अप्रिल २०००, भियनाको सचिवालयद्वारा तयार गरिएको प्रतिवेदन (सयुंक्त राष्ट्रसङ्घको प्रकाशन, Sales No. E.00.IV.8), chap. V, set. E.)

[3] साधारण सभा प्रतिज्ञापत्र, ५५/५९, अनुसुची।

[4] E/CN.15/2002/5/ and Corr.1.

[5] E/CN.15/2002/5/Add.1.

६- यदि अनुरोध गरिएमा, स्वेच्छिक योगदानको उपलब्धताको आधारमा, विकासोन्मुख राष्ट्र र अर्थ-व्यवस्था सङ्क्रमणमा रहेका राष्ट्रलाई पुनर्स्थापनामुखी न्याय कार्यक्रमको विकासमा सघाउ पुर्‍याउनको निमित्त प्राविधिक सहयोग उपलब्ध गराउन सदस्य राष्ट्रसमक्ष थप आह्वान गर्ने।

अनुसूची

**आपराधिक मुद्दामा पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोगका सम्बन्धमा आधारभूत सिद्धान्तहरू**

**प्रस्तावना**

पुनर्स्थापनामुखी न्यायका पहलहरूको विश्वव्यापी रुपमा भएको महत्त्वपूर्ण विकासलाई पुनः स्मरण गर्दै ;

ती पहलहरू पारम्परिक र मौलिक न्याय प्रणालीमा आधारित हुन्छन् जसले अपराध मानिसका लागि हानिकारक मान्दछन् भन्ने कुरा मनन गर्दै ;

पुनर्स्थापनामुखी न्याय एक विकसित स्वरुप हो जसले प्रत्येक व्यक्तिको प्रतिष्ठा र समानताको कदर गर्दछ, एकापसप्रतिको बुझाई विकास गर्दछ तथा पीडित, अपराधी र समुदायको मल्हमपट्टी लगाउदै सामाजिक सद्भावको प्रोत्साहन गर्दछ भन्ने कुरालाई जोड दिदैँ ;

यस पुनर्स्थापनामुखी न्यायको दृष्टिकोणले अपराधबाट प्रभावित व्यक्तिलाई आफ्ना भावना र अनुभव खुला रुपमा साट्न सक्षम बनाउने र उनीहरूका आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्य राख्दछ भन्ने कुरामा जोड दिदै ;

यस दृष्टिकोणले पीडितलाई परिपुरणको अवसर प्रदान गर्नुका साथै उनीहरूलाई सुरक्षित अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्ने, अपराधीलाई आफ्नो व्यवहारको कारण र प्रभावको ज्ञान प्राप्त गर्ने र अर्थपूर्ण तरिकाले जिम्मेवारी बहन गर्ने अवसर दिने, समुदायमा शान्ति स्थापना गर्ने तथा अपराध रोकथाम गर्ने अवसर दिने कुराप्रति ध्यान दिदै ;

पुनर्स्थापनामुखी न्याय अन्तर्गत विभिन्न कदमहरू समाविष्ट हुन सक्छन् जसलाई प्रचलित फौजदारी न्याय प्रणालीमा कानुनी, सामाजिक तथा सांस्कृतिक परिस्थिति अनुरुप लचकतापुर्वक तथा पूरक हुने गरी समावेश गर्न सकिने कुरालाई अवगत गर्दै ;

NEPAL INSTITUTE OF JUSTICE

पुनर्स्थापनामुखी न्यायको प्रयोगले अभियुक्तलाई अभियोग लगाउन सक्ने राज्यको अधिकारलाई प्रभाव नपार्ने कुराको ख्याल गर्दै ;

**शब्दहरूको प्रयोग**

१ "पुनर्स्थापनामुखी न्याय कार्यक्रम" भन्नाले पुनर्स्थापनामुखी प्रक्रियाको प्रयोग गर्ने तथा पुनर्स्थापनामुखी परिणाम हासिल गर्न खोज्ने जुनसुकै कार्यक्रमलाई जनाउँदछ ।

२ "पुनर्स्थापनामुखी प्रक्रिया" भन्नाले पीडित र अपराधी, साथै उपयुक्त भएमा अपराधबाट प्रभावित अन्य व्यक्ति तथा समुदायका सदस्यहरू, सक्रियतापुर्वक एकसाथ सहभागी भैकन, अपराधबाट उत्पन्न भएका मुद्दाहरू साधारणतया सहजकर्ताको सहयोगद्वारा समाधान गरिने जुनसुकै प्रक्रियालाई बुझाउछ। पुनर्स्थापनामुखी प्रक्रिया अन्तर्गत मध्यस्थता (mediation), सहमति (conciliation), सम्मेलन (conferencing) र सजाय भेला (sentencing circle) समावेश हुन सक्दछन् ।

३ "पुनर्स्थापनामुखी परिणाम" भन्नाले पुनर्स्थापनामुखी प्रक्रियाको परिणाम वापत हुन पुगेको एक सम्झौता हो। पुनर्स्थापनामुखी परिणाम अन्तर्गत् प्रतिकृया र कार्यक्रमहरू जस्तै : परिपूरण (Reparation), प्रत्यायन (Restitution) र सामुदायिक सेवा पर्छन् जसको उद्देश्य पक्षहरूको व्यक्तिगत तथा सामुहिक आवश्यकता र जिम्मेवारी पुरा गर्ने तथा पीडित र अपराधीको पुनर्स्थापना गराउन सफल हुने हो ।

४ "पक्ष" भन्नाले पुनर्स्थापनामुखी प्रक्रियामा संलग्न हुन सक्ने पीडित, अपराधी तथा अपराधबाट प्रभावित अन्य व्यक्तिहरू र समुदायका सदस्यहरूलाई जनाउँदछ ।

५ "सहजकर्ता" भन्नाले पुनर्स्थापनामुखी प्रक्रियामा सहभागी पक्षहरूलाई स्वच्छता र निस्पक्षतापुर्वक सुविधा दिने भूमिकामा रहेको व्यक्तिलाई बुझिन्छ।

**पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोग**

६ पुनर्स्थापनामुखी न्याय कार्यक्रमको प्रयोग राष्ट्रिय कानूनको अधीनमा रही फौजदारी न्याय प्रणालीको जुनसुकै चरणमा गर्न सकिन्छ ।

७ पीडित र अपराधीको स्वतन्त्र र स्वेच्छिक सहमतिमा र अपराधीलाई अभियोग लगाउन पर्याप्त प्रमाण पुगेको अवस्थामामा मात्र पुनर्स्थापनामुखी प्रक्रियाको प्रयोग गर्नुपर्दछ। यस्तो सहमतिलाई प्रक्रियाको जुनसुकै बेलामा अलग गर्न पीडित र अपराधी सक्षम हुनुपर्छ।

NEPAL INSTITUTE OF JUSTICE

८ सामान्यतया, पुनर्स्थापनामुखी प्रक्रियामा सहभागीताको आधारका रुपमा पीडित र अपराधी मुद्दाको मूल तथ्यमा सहमत हुनुपर्दछ। अपराधीको उक्त सहभागीतालाई पछि आउने कानुनी प्रक्रियामा अपराध स्वीकारको प्रमाणको रुपमा प्रयोग गर्नुहुदैन।

९ पुनर्स्थापनामुखी प्रक्रिया सञ्चालन गर्दा र यस प्रक्रियामा मुद्दा प्रेषण गर्दाबखत शक्ति असन्तुलनका कारक जस्तै : असमानता, साथसाथै पक्षहरूबीचको सांस्कृतिक भिन्नतालाई ध्यानमा राख्नुपर्दछ।

१० पुनर्स्थापनामुखी प्रक्रिया सञ्चालन गर्दा र यस प्रक्रियामा मुद्दा पेश गर्दा पक्षहरूको सुरक्षामा ध्यान दिनुपर्दछ।

११ पुनर्स्थापनामुखी प्रक्रिया उपयुक्त र सम्भव नभएमा, मुद्दा फौजदारी न्यायका अधिकारीसमक्ष पेश गर्नुपर्छ र विनाढिलाइ कसरी अगाडि बढ्ने भन्ने हिसाबले फैसला गर्नुपर्दछ। यस्तो मुद्दामा फौजदारी न्यायका अधिकारीहरूले अपराधीलाई पीडित र प्रभावित समुदायप्रति जिम्मेवारी बहन गर्न प्रोत्साहन गर्ने प्रयास गर्नुपर्दछ साथै पीडित र अपराधीको समुदायमा पुनर्स्थापनाका लागि सहयोग गर्नुपर्दछ।

**पुनर्स्थापनामुखी न्याय कार्यक्रमको सन्चालन**

१२ सदस्य राष्ट्रहरूले आवश्यकता अनुसार विधायिकी अख्तियारी मार्फत्, पुनर्स्थापनामुखी न्याय कार्यक्रम प्रयोगको सञ्चालन गर्न निर्देशिका र मापदण्ड निर्माण गर्नेतर्फ विचार गर्नुपर्दछ । त्यस्तो निर्देशिका र मापदण्डले यस प्रस्तुत दस्तावेजमा उल्लेखित आधारभुत सिद्दान्तको सम्मान गर्नुपर्छ र, अन्यका अलावा, निम्नलिखित कुराहरूको सम्बोधन गर्नुपर्दछ :

क- पुनर्स्थापनामुखी न्याय कार्यक्रममा पेश गरिने मुद्दाका शर्तहरू ;

ख- पुनर्स्थापनामुखी न्याय प्रक्रिया अनुरुप मुद्दाको चलन ;

ग- सहजकर्ताको योग्यता, प्रशिक्षण र उनीहरूको मुल्याङ्कन ;

घ- पुनर्स्थापनामुखी न्याय कार्यक्रमको क्रियान्वयन;

ङ- पुनर्स्थापनामुखी न्याय कार्यक्रम परिचलानार्थ क्षमताको मापदण्ड र आचरणको नियम।

१३ अपराधी र पीडितलाई स्वच्छता प्रत्याभुति गराउने मूलभुत कार्यविधिजन्य सुरक्षाका सवाललाई पुनर्स्थापनामुखी न्याय कार्यक्रममा र विशेषगरी पुनर्स्थापनामुखी प्रक्रियामा प्रयोग गर्नुपर्दछ :

NEPAL INSTITUTE OF JUSTICE

क- राष्ट्रिय कानुनको अधिनमा रही, पीडित र अपराधीले पुनर्स्थापनामुखी प्रक्रियाको विषयमा र आवश्यकता अनुसार अनुवाद र व्याख्यामा कानुनी परामर्श लिन पाउने अधिकार साथै नाबालिगको हकमा अभिभावक वा संरक्षकको सहायताको अधिकार हुनुपर्दछ ।

ख पुनर्स्थापनामुखी प्रक्रियामा सहभागी हुनुपूर्व पक्षहरूलाई उनीहरूको अधिकार, प्रक्रियाको प्रकृति र फैसलाबाट हुन सक्ने सम्भावित परिणामको बारेमा पूर्ण जानकारी गराउनुपर्दछ ।

ग- अपराधी वा पीडित कसैलाई पनि पुनर्स्थापनामुखी प्रक्रियामा सहभागी हुन वा पुनर्स्थापनामुखी परिणाम स्वीकार गर्न बाध्य गराउनु वा अनुचित माध्यमबाट फकाउनु हुदैन।

१४ पक्षहरूको सहमतिविना वा राष्ट्रिय कानुन अनुसार आवश्यक भएकोमा बाहेक, सार्वजनिक रुपमा सञ्चालन नगरिएका पुनर्स्थापनामुखी प्रक्रियाका छलफलहरूलाई गोप्य राख्नुपर्छ र भविष्यमा पनि खुलासा गराउनुहुदैन।

१५ पुनर्स्थापनामुखी न्याय कार्यक्रमबाट भएको सहमतिका परिणामउपर उपयुक्त भएसम्म न्यायिक निरीक्षण गराउनुपर्छ वा न्यायिक निर्णय वा फैसलामा समावेश गराउनुपर्छ। यस्तो भएमा परिणामको हैसियत अन्य न्यायिक निर्णय वा फैसलासरह मानिनुपर्दछ र सोही तथ्यअन्तर्गत अन्य अभियोजन गरिनुहुँदैन ।

१६ पक्षहरूबीच सहमति नभएमा मुद्दालाई फेरि प्रचलित फौजदारी न्याय प्रक्रियामा फिर्ता गरिनुपर्दछ र विनाढिलाइ कसरी अगाडि बढ्ने भन्ने निर्णय लिनुपर्छ। सहमतिमा पुग्न असफल भएको कुरालाई मात्रै पछि फौजदारी न्याय प्रक्रियामा प्रयोग गरिनु हुँदैन।

१७ पुनर्स्थापनामुखी प्रक्रिया दौरानमा भएका सहमति कार्यान्वयन हुन असफल भएमा पुन: पुनर्स्थापनामुखी कार्यक्रममा पठाउनुपर्छ, वा आवश्यकता अनुसार राष्ट्रिय कानुनको अधिनमा रही प्रचलित फौजदारी न्याय प्रक्रियामा प्रेषण गर्नुपर्छ र ढिलाइ नगरी कसरी अगाडि बढ्ने भन्ने निर्णय लिनुपर्छ। न्यायिक निर्णय र फैसलाबाहेक सहमतिको कार्यान्वयनको असफलतालाई पछि फौजदारी न्याय प्रक्रियाको गम्भीर सजायको लागि सफाइको रुपमा प्रयोग गर्नुहुदैन ।

१८ सहजकर्ताले पक्षहरूको प्रतिष्ठालाई सम्मान गर्दै निष्पक्ष ढंगबाट आफ्नो जिम्मेवारी बहन गर्नुपर्दछ। यसो गर्दा सहजकर्ताले पक्षहरू एक अर्कालाई सम्मान गर्ने कुरा सुनिश्चित गर्नुपर्छ र उनीहरूबीच नै उचित समाधान खोज्न सक्षम बनाउनुपर्दछ ।

१९ सहजकर्तालाई स्थानीय संस्कृति र समुदायको राम्रो जानकारी हुनुपर्दछ र उपयुक्त भएमा सहजकर्ताको जिम्मेवारी लिनुपूर्व प्रारम्भिक तालिमहरू लिनुपर्दछ ।

NEPAL INSTITUTE OF JUSTICE

**पुनर्स्थापनामुखी न्याय कार्यक्रमको विकासको निरन्तरता**

२० पुनर्स्थापनामुखी न्यायको विकासको निमित्त सदस्य राष्ट्रले राष्ट्रिय रणनीति तथा नीतिहरू तर्जुमा गर्ने तथा कानुनी, न्यायिक र सामाजिक अधिकारीहरू साथै समुदाय समक्ष पुनर्स्थापनामुखी न्याय प्रयोग गर्न अनुकुल वातावरणको प्रोत्साहन गर्नुपर्दछ ।

२१ पुनर्स्थापनामुखी प्रक्रिया र परिणामबारे साधारण बुझाइको विकास गर्न तथा यसको प्रभावकारिता बढाउन, पुनर्स्थापनामुखी कार्यक्रमको प्रयोगको दायरा बढाउन साथै फौजदारी न्यायको अभ्यासमा पुनर्स्थापनामुखी दृष्टिकोणको समावेश गर्न सकिने तरिका खोज्नको निमित्त फौजदारी न्यायका अधिकारी र पुनर्स्थापनामुखी न्याय कार्यक्रमका समर्थकबीच नियमित परामर्श हुनुपर्दछ ।

२२ उपयुक्त भएको खण्डमा, सदस्य राष्ट्रले नागरिक समाजसँगको सहकारीतामा पुनर्स्थापनामुखी परिणामको मुल्याङ्कन गर्न, फौजदारी न्याय प्रक्रियामा पूरक वा वैकल्पिकको रुपमा सेवा गर्न र सम्पूर्ण पक्षलाई सकारात्मक परिणाम दिन पुनर्स्थापनामुखी कार्यक्रममा अनुसन्धान तथा यसको मुल्याङ्कनलाई प्रोत्साहन गर्नुपर्छ। समयसँगै पुनर्स्थापनामुखी न्याय प्रक्रिया परिवर्तन र परिष्कृत हुन आवश्यक हुन्छ । तसर्थ, सदस्य राष्ट्रले त्यस्ता कार्यक्रमको नियमित मुल्याङ्कन र परिमार्जन गर्नुपर्दछ । अनुसन्धान र मुल्याङ्कनको परिणामले आगामी नीति तथा कार्यक्रमको विकासमा निर्देश गर्नुपर्दछ।

**बचाउ**

२३ यी आधारभुत सिद्दान्तले राष्ट्रिय कानुन वा प्रचलित अन्तरराष्ट्रिय कानुनमा स्थापित अपराधी र पीडितको अधिकारलाई प्रतिकुल प्रभाव पर्ने छैनन् ।

NEPAL INSTITUTE OF JUSTICE

◎